आज **मिति २०७७ साल साउन ३० गते** चौरजहारी नगर कार्यपालिकाको **५७ औं बैठक** नगर प्रमुख श्री विशाल शर्मा ज्यूको अध्यक्षतामा बसी तपशिलको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

## उपस्थिती

| क्र.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री विशाल शर्मा | नगर प्रमुख | |
| २ | श्री राधा रोका | उपप्रमुख | |
| ३ | श्री रामबहादुर के.सी. | सदस्य सचिव | |
| ४ | श्री भद्र वहादुर विष्ट | अध्यक्ष वडा नं. १ | — |
| ५ | श्री केशव केसी | अध्यक्ष वडा नं. २ | |
| ६ | श्री लाल वहादुर वुढा | अध्यक्ष वडा नं. ३ | |
| ७ | श्री गोपाल भण्डारी | अध्यक्ष वडा नं. ४ | |
| ८ | श्री उदे खत्री | अध्यक्ष वडा नं. ५ | |
| ९ | श्री जयलाल महतरा | अध्यक्ष वडा नं. ६ | |
| १० | श्री इन्द्रलाल शर्मा | अध्यक्ष वडा नं. ७ | |
| ११ | श्री डम्वर वहादुर मल्ल | अध्यक्ष वडा नं. ८ | — |
| १२ | श्री महेश स्वर्णकार | अध्यक्ष वडा नं. ९ | — |
| १३ | श्री धरम वहादुर के सी | अध्यक्ष वडा नं. १० | |
| १४ | श्री मनमोहन शाह | अध्यक्ष वडा नं. ११ | |
| १५ | श्री टिकाराम वली | अध्यक्ष वडा नं. १२ | |
| १६ | श्री टंक प्रसाद वली | अध्यक्ष वडा नं. १३ | |
| १७ | श्री अतिराम विष्ट | अध्यक्ष वडा नं. १४ | |
| १८ | श्री सुदास स्वर्णकार | सदस्य | |
| १९ | श्री सपना कार्की | सदस्य | |
| २० | श्री देवी खड्का | सदस्य | |
| २१ | श्री विनिता गुरुङ | सदस्य | |
| २२ | श्री दलसरी महतरा | सदस्य | — |
| २३ | श्री असारे नेपाली | सदस्य | असारे |
| २४ | श्री लोकेन्द्र परियार | सदस्य | — |
| २५ | श्री दिपा के सी | सदस्य | — |

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

## २०७७ श्रावण ३० गतेको ५७ औं नगर कार्यपालिकाको बैठकमा पेश भएका प्रस्तावहरु

| क्र.स. | प्रस्तावको विवरण | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | मदिरा नियन्त्रण सम्बन्धी निर्देशिका, २०७७ स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव । | प्रस्तावमा उल्लेख भए अनुसार प्रस्ताव स्वीकृत गर्ने । | |
| २ | नगरपालिका मार्फत सुपथ मूल्यका पसलहरु सञ्चालन गर्ने सम्बन्धी प्रस्ताव । | प्रस्तावमा उल्लेख भए अनुसार प्रस्ताव स्वीकृत गर्ने । | |
| ३ | नगर शिक्षा नियमावली, २०७४ मा संशोधन गर्ने सम्बन्धी प्रस्ताव । | प्रस्तावमा उल्लेख भए अनुसार प्रस्ताव स्वीकृत गर्ने । | |
| ४ | संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव । | प्रस्तावमा उल्लेख भए अनुसार प्रस्ताव स्वीकृत गर्ने । | |
| ५ | आर्थिक वर्ष २०७६।०७७ को २०७६ श्रावण १ गतेदेखि २०७७ असार मसान्तसम्मको आय र व्ययको विवरण सार्वजनिक गर्ने सम्बन्धी प्रस्ताव । | प्रस्तावमा उल्लेख भए अनुसार प्रस्ताव स्वीकृत गर्ने । | |
| ६ | साझेदारीमा औद्योगिक ग्राम तथा औद्योगिक ग्रामभित्र स्थापना हुने उद्योगहरु सञ्चालन तथा व्यवस्थापनको लागि स्थान तथा साझेदार छनौट गर्ने सम्बन्धी प्रस्ताव । | प्रस्तावमा उल्लेख भए अनुसार प्रस्ताव स्वीकृत गर्ने । | |
| ७ | विविध समसामयिक विषयहरु समेटिएको विविध विषय सम्बन्धि प्रस्ताव | प्रस्तावमा उल्लेख भए अनुसार प्रस्ताव स्वीकृत गर्ने । | |

2077/04/30

राम बहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत

## ५७ औं नगर कार्यपालिकाको मिति २०७७।०४।३० गतेका निर्णयहरु

बीरेन्द्रनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कर्णाली प्रदेश, नेपाल
२०७३

निर्णय नं. १ : नगर कार्यपालिकाको आजको बैठकमा पेश भएका प्रस्तावहरुको सम्बन्धमा थप छलफल र अध्ययन गर्नुपर्ने भएकोले मिति २०७७/०५/०५ गते बिहान ठीक ११:०० बजे पुनः बैठक बस्ने गरी आजको बैठक स्थगित गर्ने ।

२०७७।०४।३०

राम बहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत

आज **मिति २०७७ साल भदौ ०५ गते** चौरजहारी नगर कार्यपालिकाको **५८ औं बैठक** नगर प्रमुख श्री विशाल शर्मा ज्यूको अध्यक्षतामा बसी तपशिलको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

## उपस्थिती

| क.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री विशाल शर्मा | नगर प्रमुख | |
| २ | श्री राधा रोका | उपप्रमुख | |
| ३ | श्री रामबहादुर के.सी. | सदस्य सचिव | |
| ४ | श्री भद्र वहादुर विष्ट | अध्यक्ष वडा नं. १ | |
| ५ | श्री केशव केसी | अध्यक्ष वडा नं. २ | |
| ६ | श्री लाल वहादुर वुढा | अध्यक्ष वडा नं. ३ | |
| ७ | श्री गोपाल भण्डारी | अध्यक्ष वडा नं. ४ | |
| ८ | श्री उदे खत्री | अध्यक्ष वडा नं. ५ | |
| ९ | श्री जयलाल महतरा | अध्यक्ष वडा नं. ६ | |
| १० | श्री इन्द्रलाल शर्मा | अध्यक्ष वडा नं. ७ | |
| ११ | श्री डम्वर वहादुर मल्ल | अध्यक्ष वडा नं. ८ | |
| १२ | श्री महेश स्वर्णकार | अध्यक्ष वडा नं. ९ | |
| १३ | श्री धरम वहादुर के सी | अध्यक्ष वडा नं. १० | |
| १४ | श्री मनमोहन शाह | अध्यक्ष वडा नं. ११ | |
| १५ | श्री टिकाराम वली | अध्यक्ष वडा नं. १२ | |
| १६ | श्री टंक प्रसाद वली | अध्यक्ष वडा नं. १३ | |
| १७ | श्री अतिराम विष्ट | अध्यक्ष वडा नं. १४ | |
| १८ | श्री सुदास स्वर्णकार | सदस्य | |
| १९ | श्री सपना कार्की | सदस्य | |
| २० | श्री देवी खड्का | सदस्य | |
| २१ | श्री विनिता गुरुङ | सदस्य | |
| २२ | श्री दलसरी महतरा | सदस्य | |
| २३ | श्री असारे नेपाली | सदस्य | |
| २४ | श्री लोकेन्द्र परियार | सदस्य | |
| २५ | श्री दिपा के सी | सदस्य | |

## ५८ औं नगर कार्यपालिकाको मिति २०७७।०५।०५ गतेका निर्णयहरु

**निर्णय नं. १** : मदिरा नियन्त्रण सम्बन्धी निर्देशिका, २०७७ स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

**निर्णय नं. २** : नगरपालिका मार्फत सुपथ मूल्यका पसलहरु सञ्चालन गर्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

**निर्णय नं. ३** : नगर शिक्षा नियमावली, २०७४ मा संशोधन गर्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

**निर्णय नं. ४** : संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

**निर्णय नं. ५** : आर्थिक वर्ष २०७६।०७७ को २०७६ श्रावण १ गतेदेखि २०७७ असार मसान्तसम्मको आय र व्ययको विवरण सार्वजनिक गर्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

**निर्णय नं. ६** : साझेदारीमा औद्योगिक ग्राम तथा औद्योगिक ग्रामभित्र स्थापना हुने उद्योगहरु सञ्चालन तथा व्यवस्थापनको लागि स्थान तथा साझेदार छनौट गर्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

**निर्णय नं. ७** : विविध समसामयिक विषयहरु समेटिएको विविध विषय सम्बन्धि प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

२०७७/०५/०५

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## चौरजहारी, रुकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

सर्म्पक नं.
०८८४०११४६
९८५७८२६१११

विषय :-मदिरा नियन्त्रण सम्बन्धी निर्देशिका, २०७७ स्वीकृत गर्ने सम्बन्धमा ।

प्रस्ताव पेश गर्न नगर प्रमुखबाट स्वीकृति प्राप्त मिति :-२०७७।०४।२६

१. **विषयको संक्षिप्त व्यहोरा** :- जिल्ला समन्वय समितिको अग्रसरतामा जिल्ला समन्वय समिति प्रमुखको अध्यक्षतामा जिल्लाभित्रका प्रतिष्ठित एवम् अधिकार प्राप्त अधिकारीहरु, स्थानीय तहका प्रमुख तथा प्रतिनिधिहरु, प्रदेश सभा सदस्यहरु लगायतको उपस्थितिमा मिति २०७५ माघ ५ गते बसेको बैठकले समाजको वृहत्तर हितलाई मध्यनजर गर्दै मदिराजन्य पदार्थको उत्पादन, विक्रि वितरण लगायतको कार्यलाई व्यवस्थित गर्ने र प्रचलित कानून र मापदण्ड विपरित भए गरेको पाईएमा बन्द गराउने सम्बन्धि निर्णय गरेको थियो । सोही बैठकले रुकुम (पश्चिम) जिल्लाभित्र अनिश्चितकालको लागि मदिराजन्य पदार्थको गैरकानूनी उत्पादन, आयात, विक्रि वितरण र सेवनमा प्रतिवन्ध लगाउने निर्णय गरेको थियो । जिल्ला समन्वय समितिको , र उच्च अदालत सुर्खेतले समेत जिल्ला समन्वय समितिको उक्त निर्णय मुद्दाको अन्तिम टुङ्गो नलागेसम्मको लागि कार्यान्वयन नगर्नु नगराउनु भनि अन्तरिम आदेश दिएको थियो । सोही अन्तरिम आदेशका विरुद्धमा सम्मानित सर्वोच्च अदालतमा जिल्ला समन्वय समितिको तर्फबाट दायर निवेदनको पक्षमा मिति २०७६ जेष्ठ १ गते सम्मानित सर्वोच्च अदालतबाट जारी अन्तरिम आदेशले जिल्ला समन्वय समितिको निर्णय निवेदनको अन्तिम टुङ्गो नलागेसम्मको लागि सदर भई उच्च अदालत सुर्खेतले मदिराजन्य पदार्थको पेशा व्यवसाय गर्न रोक नलगाउनु नरोक्नु भन्ने आदेश उक्त निवेदनको अन्तिम टुङ्गो नलागेसम्मको लागि कार्यान्वयन नगर्नु नगराउनु भनि विपक्षिका नाममा अन्तरिम आदेश जारी गरेको अवस्था छ ।

जिल्ला समन्वय समितिको निर्णयानुसार सम्मानित सर्वोच्च अदालतको अन्तरिम आदेश समेतको आधारमा चौरजहारी नगरपालिका मदिराजन्य पदार्थको गैरकानूनी आयात, विक्रि वितरण, सेवन र उत्पादन गर्न नपाउने गरी मदिरामुक्त भईसकेको छ ।

२. **प्राप्त परामर्श र अन्य सान्दर्भिक कुरा** :- गैरकानूनी ढङ्गले मदिराजन्य पदार्थको आयात विक्रि वितरण उत्पादन र सेवन गर्न नपाउने गरी रुकुम (पश्चिम) जिल्लालाई मदिरा निषेधित क्षेत्र घोषणा गरिसकिएको सन्दर्भमा नगरपालिकाभित्र मदिराजन्य पदार्थको गैरकानूनी आयात, ओसारपसार, विक्रिवितरण, उत्पादन र सेवन गर्ने कार्यहरु दण्डनिय र गैरकानूनी छन् ।



राम बहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत

# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## चौरजहारी, रूकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
०८८४०११४६
९८५७८२६१११

गैरकानूनी मदिरा निषेधित गर्ने कार्यलाई पूर्ण रुपमा कार्यान्वयन गर्न नगरपालिकाको तर्फबाट व्यापक प्रचारप्रसार र घोषणा विपरित कार्य गर्नेलाई कसूरको मात्रा हेरी जरिवाना गर्नुपर्ने देखिन्छ ।

मदिरा ऐन, २०३१ को दफा ११ को उपदफा (१) मा गैर कानूनी ढङ्गले यस ऐन विपरितको कार्य (गैरकानूनी ढङ्गले मदिरा उत्पादन, निकासी पैठारी, विक्रि वितरण लगायतको कार्य) गरेमा छ महिनासम्म कैद वा एक लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ । ऐ ऐनको ऐ दफाको उपदफा (२) मा यस ऐन विपरितको कुनै काम गर्न उद्योग गर्ने वा त्यस्तो कार्य गर्न दुरुत्साहन गर्ने वा सो काममा सहयोग गर्ने व्यक्तिलाई तीन महिनासम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ ।

मदिरा विक्रि वितरण नियमन निर्देशिका, २०६५ को दफा ८ मा गैरकानूनी ढङ्गले मदिरा विक्रि वितरण गर्नेलाई देहायको सजाय हुने व्यवस्था छ,

(क) ऐन नियम उल्लंघन भएको अवस्थामा इजाजतपत्र स्वत: रद्द हुनेछ ।

(ख) मदिरा ऐन (संशोधन) सहितको दफा १३ बमोजिम सो कार्यसँग सम्बन्धित मदिरा जफत हुनेछ ।

(ग) अन्त:शुल्क ऐनको दफा १६ को उपदफा (५) को खण्ड (ञ) बमोजिम पटकैपिच्छे रु १०,०००।०० (दश हजार रुपैयाँ) जरिवाना हुनेछ ।

नेपालको संविधानको धारा २२६ को उपधारा (१) अनुसार गाउँसभा र नगरसभाले अनुसूची ८ र अनुसूची ९ बमोजिमको सूचीमा उल्लेखित विषयमा कानून बनाउन सक्नेछ भने ऐ धाराको उपधारा (२) अनुसार उपधारा (१) बमोजिम कानून बनाउने प्रक्रिया प्रदेश कानून बमोजिम हुनेछ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा ऐन बनाउन सक्नेछ । ऐ दफाको उपदफा (२) अनुसार उपदफा (१) बमोजिम बनाईएको ऐनको अधिनमा रही कार्यपालिकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि, मापदण्ड बनाउन सक्नेछ । ऐ ऐनको दफा ११ को उपदफा (७) अनुसार गाउँपालिका तथा नगरपालिकाले ऐ दफाको उपदफा (१), (३), (४) र (५) बमोजिमको काम, कर्तव्य र अधिकारको प्रयोग



राम बहादुर ..जी.
नि. प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क नं.
०८८४०११४६
९८५७८२६१११


गर्दा आवश्यकता अनुसार कानून, नीति, योजना, मापदण्ड तथा कार्यविधि बनाई लागू गर्न सक्नेछन् ।

३. **प्रस्ताव पेश गर्नु पर्नाका कारण र सम्बन्धित शाखाको राय** :- चौरजहारी नगरपालिका क्षेत्रभित्र गैरकानूनी ढङ्गले मदिराजन्य पदार्थ आयात, विक्रि वितरण, उत्पादन र सेवन गर्ने कार्यलाई पूर्ण रुपमा बन्द गरी समाजको वृहत्तर हितको लागि उपयोग गर्न गैरकानूनी ढङ्गले मदिराजन्य पदार्थको आयात, विक्रि वितरण, उत्पादन र सेवनलाई पूर्ण रुपमा निष्तेज पार्न आवश्यक छ । जिल्ला समन्वय समितिको निर्णय र सर्वोच्च अदालतको अन्तरिम आदेश एवम् सम्मानित सर्वोच्च अदालतले घरेलु मदिरा नियन्त्रणको लागि गरेको फैसलाको पूर्ण कार्यान्वयन गरी मदिराको कारण सिर्जित समस्या, विकृति र विसङ्गति, समाजमा घटेका हत्या, बलत्कार, यौनजन्य, घरेलुजस्ता हिंसाजस्ता जघन्य अपराधहरुको अन्त्य एवम् न्यूनिकरण गरी समाजमा सार्वजनिक शान्ति, सुव्यवस्था, अमन चयम कायम गर्दै मानव अधिकार र मौलिक हकहरुको पूर्ण वहाली मार्फत समतामूलक, न्यायपूर्ण र अग्रगामि सोच सहितको समृद्ध समाजको निर्माण गर्न घोषणा र निर्णय विपरित मदिराजन्य पदार्थको आयात, विक्रि वितरण, ओसारपसार, गैरकानूनी उत्पादन र सेवन गर्ने कार्यसँग संलग्न व्यक्ति एवम् त्यसका सहयोगी र मतियारहरुलाई कानून बमोजिमको अधिकतम सजाय र जरिवाना गर्न आवश्यक देखिन्छ । मदिराजन्य पदार्थको उत्पादन, विक्रि वितरण र सेवन लगायतका कार्यहरु नियन्त्रण तथा व्यवस्थापन नगर कार्यपालिकाको मिति २०७६।११।२१ गतेको बैठकले सरोकारवाला सबै निकायसँग आवश्यक समन्वय र परामर्श गरी मदिराजन्य पदार्थको नियन्त्रण र व्यवस्थापनको लागि यथाशिघ्र कानून तर्जुमा गरी आगामी नगर कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरेको थियो ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को ज. को (१) मा स्थानीय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमन, उपभोक्ता अधिकार हित सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन सम्बन्धी स्थानीय तहको एकल अधिकारको विषयमा उल्लेख छ । ऐ ऐनको ऐ दफाको उपदफा (४) को ख. को (१३) मा सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिवृद्धि सम्बन्धी स्थानीय तहको अधिकार उल्लेख छ । मदिराजन्य पदार्थको गैरकानूनी एवम् अव्यवस्थित उत्पादन, विक्रिवितरण र सेवनको कारण समाजमा बढेको हत्या, हिंसा, विकृति, विसङ्गति, अस्तव्यस्त र

# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## चौरजहारी, रूकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
०८८४०११४६
९८५७८२६१११

अनुशासनहीनताको अन्त्य गरी सभ्य, सुसंस्कृत एवम् व्यवस्थित समाजको निर्माण गर्न मदिरा सम्बन्धी निर्देशिका बनाई सोको कडाईपूर्वक कार्यान्वयन हुनुपर्ने देखिएको छ ।

४. **निर्णय हुनुपर्ने व्यहोरा** :- गैरकानूनी ढङ्गले मदिराजन्य पदार्थ उत्पादन, विक्रि वितरण, सेवन, आयात रोकी स्वस्थ, सफा, शान्त, सुशासनयुक्त र न्यायपूर्ण एवम् समतामूलक समाजको निर्माण गर्न सो कार्यमा संलग्न एवम् त्यस्तो कार्य गर्न उद्योग, दुरुत्साहन वा सहयोग गर्ने व्यक्तिहरुलाई दण्ड सजाय गर्न एवम् मदिराजन्य पदार्थको उत्पादन, विक्रिवितरण र सेवनलाई नियन्त्रण र व्यवस्थापन गर्न चौरजहारी नगरपालिका मदिरा नियन्त्रण निर्देशिका, २०७७ पारित गर्ने सम्बन्धि प्रस्ताव स्वीकृत गर्न चौरजहारी नगर कार्यपालिका समक्ष प्रस्ताव पेश गर्न नगर प्रमुख ज्यूबाट स्वीकृति प्राप्त भएकोले चौरजहारी नगरपालिका (कार्य सम्पादन) नियमावली, २०७४ को नियम ७ को अनुसूची १ को विषय सङ्ख्या ४ बमोजिम यो प्रस्ताव पेश गरिएको छ ।

.........................
रामबहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत